भीमफेदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

# एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२

**प्रमाणीककरण मितिः-२०८२/०४/२२**

प्रस्तावनाः- भीमफेदी गाउँपालिका भित्र रहेका बासिन्दाहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुंच पुर्याउनका लागी एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल र सेवामा पहुँच बढाई स्वास्थ्य सेवाको गुणसस्तर वृद्धि गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ (१) को अधिकार प्रयोग गरी भीमफेदी गाउँपालिकाले यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(१) " कार्यपालिका" भन्नाले भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(२) " समिति" भन्नाले यस कार्यविधिको दफा ३ र ४ बमोजिम गढन भएको समिति सम्झनु पर्छ ।

(३)" एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहान संझनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(४) " एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(५) " चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(६) " गाउँपालिका" भन्नाले भीमफेदी गाउँपालिका सम्झनु पर्छ।

(७) " सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(८)" अध्यक्ष" भन्नाले भीमफेदी गाउँपालिकाको अध्यक्ष सम्झंनु पर्छ।

(९) " उपाध्यक्ष" भन्नाले भीमफेदी गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ।

(१०) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भीमफेदी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(११) " सेवा " भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा समझनु पर्छ ।

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

हिदम लामा
अध्यक्ष

**एम्बुलेन्स सञ्चाल तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**

**३. गाउँपालिका स्तरीय एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति:**

(१) एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन,अनुगमन तथा रेखदेख गर्न गाउँपालिका स्तरीय एक एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(२) दफा ३ को उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्यरु रहनेछन्।

(क) भीमफेदी गाउँपालिका सामाजिक विकास समिति संयोजक — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्या समेतको प्रतिनिधित्व हुने गरि कार्यपालिकाले चयन गरेको २ जना. — सदस्य

(घ) ईलाका प्रहरी कार्यालय प्रमुख वा निजले तोकेको एकजना — सदस्य

(ङ) रेडक्रसका प्रतिनिधि, — सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख — सदस्य

(छ) गाउँपालिका स्तरीय एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिमा रहेको कार्यपालिका सदस्यहरु मध्येबाट सो समितिबाट मनोनित एकजना कार्यपालिका सदस्य — सदस्य

(ज) गाउँपालिकाक स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(३) दफा ३ को उपदफा (१) बमोजिम गठित समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको काम कारबाहीलाई सहजिकरण र नियमन गर्ने।

(ख) एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको उपयूक्त सिफारिस सम्बन्धमा सुनुवाई गर्ने।

(ग) समितिबाट प्राप्त गुनासोहरुको सुनुवाई गर्ने।

**४. एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति:**

(१) गाउँपालिका आफैले खरिद वा गाउँपालिकालाई अनुदानमा प्राप्त भएको एम्बुलेन्स गाउँपालिकाले आफै सञ्चालन नगरी कुनै स्वास्थ्य संस्था वा संघसंस्थालाई हस्तान्तरण गरेमा सोको संचालन गर्ने हकमा देहायको एक एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति रहने छ।

(२) दफा ४ को उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्य रहनेछन्।

(क) सम्बन्धित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष वा वडा अध्यक्ष — संयोजक

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

हिम्म लामा
अध्यक्ष

(ख) सम्बन्धित वडाका वडा सदस्यहरुमध्ये वडा अध्यक्षले मनोनित गरेको एकजना | सदस्य

(ग) कुनै सरकारी संघसंस्थाहरुबाट समितिले मनोनयन गरेको एकजना | सदस्य

(घ) सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुमध्येबाट एकजना | सदस्य

(ङ) सम्बन्धित वडाका वडा सचिव | सदस्य

(च) सम्बन्धित स्वास्थ्य केन्द्र रहेको वडाको टोल बिकास संस्थाका अध्यक्ष वा प्रतिनिधि | सदस्य

(छ) रेडक्रसको प्रतिनिधि एकजना | सदस्य

(ज) ईलाका प्रहरी कार्यालयको प्रतिनिधि एकजना | सदस्य

(झ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख | सदस्य सचिव

(३) समितको कुल सदस्य सङ्ख्या मध्ये साठ्ठी प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) दफा ४ को उपदफा (२) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गरे नगरेको अनुगमन गर्ने,

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने तथा यस कार्यविधि अनुसारको आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने र बारम्बार आचरण संहिता उलङ्गन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्ध गर्ने,

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने,

(घ) सरोकारवाला बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(ङ) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा संचालनको लागि आवश्यक थप मापदण्ड बनाउने,

(च) जिल्ला रेडक्रस समितिले निर्धारण गरेको सेवा शुल्क आवश्यकता अनुसार परिमार्जन गर्ने,

(छ) चालकले अनुसूची १ बमोजिम सेवाशुल्कबाट प्राप्त रकम बैंकमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने र आम्दानी खर्चको व्यबस्थापन गर्ने,

(ज) अन्य काम, कर्तव्य र अधिकार ब्यबस्थापन समितिले तोके बमोजिम हुनेछ।

(६) समितिका सदस्य सचिवले सेवा प्रवाहको स्थितिको सम्बन्धमा अद्यावधिक विवरण प्रत्येक बर्षको असार ५ गते भित्र गाउँ पालिकामा पेश गरि गाउँ सभामा पेश गराउनु पर्नेछ।

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

हिदम लामा
अध्यक्ष

## परिच्छेद-३

## एम्बुलेन्स सञ्चानेल तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**५. कर्मचारीको नियुक्ति:**

(१) एम्बुलेन्स सेवा संचालनका लागि एक जना चालक करार सेवामा भर्ना गर्नुपर्नेछ। एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिले चालकको नियूक्ति सम्बन्धी सम्पूर्ण व्यवस्था प्रचलित नियमानुसार गर्नुपर्नेछ।

**६. चालकको पारिश्रमिक तथा सेवा सम्बन्धी शर्तहरु:**

(१) एम्बुलेन्स चालकको पारिश्रमिक तथा सेवा शर्तहरु देहाय बमोजिम हुनेछ।

(क) चालकको तलब भत्ता नेपाल सरकारले सम्बन्धित पदको लागि निर्धारण गरेको आधारमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति र चालक बीचमा भएको सम्झौताको शर्त बमोजिम रहनेछ।

(ख) चालकको रु. ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ। साथै एम्बुलेन्समा चालक,बिरामी र एकजना बिरामी कुरुवा गरि जम्मा ३ जनाको मात्र दुर्घटना बीमा गरिनेछ। अन्य थप कुरुवा वा अन्य व्यक्ति एम्बुलेन्समा सवार रहेमा गाउँपालिका तथा संस्थाको कुनै जिम्मेवार रहने छैन। बीमाको प्रिमियम तथा बीमा नविरकण बापतको रकम एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषबाट व्यहोरिनेछ।

(ग) चालकले पालना गर्नु पर्ने आचार संहिता यो कार्यविधिको अनुसुची २ बमोजिमको आचार संहिता पालना गर्ने लिखित प्रतिवद्धता अनुसूची ३ बमोजिम गर्नुपर्नेछ।

(घ) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिले प्रत्येक बर्ष एम्बुलेन्स चालकको आवश्यकता अनुसार स्वास्थ्य परीक्षण गराउनेछ।

(ङ) एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई मासिक रुपमा संचार खर्च वापतको रकम एम्बुलेन्स संचालन तथा ब्यबस्थापन समितिले प्रचलित नियमानुसार तोक्नेछ।

(च) चालकको करार नविकरण निजको कार्य सम्पादनको मूल्यांकन गरि प्रत्येक आर्थिक बर्षको ६/६ महिनामा सम्बन्धित स्वास्थ्य संस्थाले प्रमाणित गराउनु पर्नेछ। साथै स्वास्थ्यमा समस्या भएको,आचारसंहिता पालना नगर्ने र कमजोर कार्यसम्पादन गर्ने चालकको करार नवीकरण हुने छैन।

(छ) पद मुक्त हुनुभन्दा अगाडि आफ्नो लिखित सफाई पेश गर्ने मौका दिइनेछ।

(ज) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनको लागि चालकको सेवा सुविधा वापतको रकम गाउँसभाबाट स्वीकृत बजेटको सीमामा रही सम्बन्धित स्वास्थ्य संस्थाको खातामा अनुदान स्वरुप एकमुष्ठ उपलब्ध गराईनेछ।

(झ) चालकले एम्बुलेन्स प्रयोगको लगबुक अनुसूची ४ बमोजिम अभिलेख राख्नु पर्नेछ।

(ञ) चालकको तलब,सेवा सुविधा तथा एम्बुलेन्स मर्मतसंभार तथा इन्धन लगायतका आवश्यक सामाग्री खरिद गर्न आवश्यक रकम एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषबाट बैङ्किङ प्रणालीबाट खर्च गर्नुपर्नेछ।

जीवन कुँवर

हिदम लामा
अध्यक्ष

(ट) तोकिएको शिर्षकहरुमा खर्च हुने रकम भूक्तानी दिन एम्बुलेन्स सञ्चालन तथा व्यबस्थापन कोषमा पर्याप्त रकम उपलब्ध नभएमा एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय,बार्षिक लेखापरीक्षण,आवश्यक प्राविधिक प्रतिवेदन तथा आयव्ययको सम्पूर्ण विवरण सहित माग हुन आएमा पालिका स्तरीय समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाले सम्बन्धित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी एकमुष्ठ अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(ठ) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण आय-व्ययको हिसाब राख्ने,लेखापरीक्षण गराउने सम्बन्धित स्वास्थ्य संस्था र एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको हुनेछ।

## परिच्छेद-४

## सेवा शुल्क तथा मर्मत संभार सम्बन्धी व्यवस्था

**७. सेवा शुल्क सम्बन्धी व्यवस्था:**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसूची १ मा उल्लेख भए अनुसारको सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ। साथै सेवा शुल्क वापत लिइने रकम नगदी रसिद काटी दफा ८ बमोजिमको कोषको बैंक खातामा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ।

**८. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोष सम्बन्धी व्यवस्था:**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत शुल्कको रुपमा उठेका रकम दफा ३ को उपदफा १ वमोजिम संचालन हुने भएमा गाउँपालिकाले र दफा ४ को उपदफा १ बमोजिम संचालन हुने भएमा सम्बन्धित स्वास्थ्य संस्था कै स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको बैंक खातामा एम्बुलेन्स संचालन तथा व्यवस्थापन कोष जम्मा गरि संचालन गरिनेछ। कोषको श्रोत देहाय बमोजिम हुनेछ :

(क) सेवाग्राहीबाट प्राप्त सेवा शुल्क,

(ख) नेपाल सरकार, प्रदेश सरकार,गाउँपालिका र कुनै संस्था वा व्यक्तिबाट एम्बुलेन्स संचालनका लागि प्राप्त रकम।

(ग) अन्य श्रोतबाट प्राप्त रकम।

(२) कोषबाट प्राप्त रकम देहाय वमोजिमको खर्च मात्र व्यहोरिनेछ।

(क) चालकको तलब भत्ता,संचार खर्च, तथा अन्य सुविधा।

(ख) एम्बुलेन्स मर्मत सम्भार तथा इन्धन खर्च।

(ग) एम्बुलेन्समा आउने अन्य भैपरी आउने खर्चहरु।

(३) कोष संचालन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**९. एम्बुलेन्स मर्मत सम्भार:**

(१) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालक र एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको हुनेछ।

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

हिरम लामा
अध्यक्ष

CamScanner

(२) आवधिक वा आकस्मिक मर्मत गर्नु पर्ने भएमा प्राविधिक ईस्टिमेट गराई एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय गराएर मात्र मर्मत सम्भार गराउनु पर्नेछ।

## परिच्छेद-५

## विविध

**१०. लेखा र लेखापरिक्षणः**

(१) एम्बुलेन्सको संचालन कोषको आय व्ययको विवरण आर्थिक प्रशासन ऐन तथा नियमवाली बमोजिम एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य सचिवले राख्नेछ।

(२) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषको लेखा परिक्षण गाउँपालिकाले तोकिएको लेखा परिक्षकबाट बार्षिक रुपमा गरिनेछ।

**११. एम्बुलेन्स रहने स्थान र न्यूनतम सामाग्रीहरुः**

(१) एम्बुलेन्स गाउँपालिकाले तोकेको स्थान वा सम्बन्धित स्वास्थ्य संस्थाको परिसरमा वा एम्बुलेन्स सञ्चाल तथा व्यवस्थापनन समितिले तोकिएको स्थानमा रहनेछ।

(२) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिहरुको विवरण अनुसूची ५ बमोजिम हुनेछ।

**१२. कार्यविधिको व्याख्याः**

(१) यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ।

**१३. कार्यविधि संशोधनः**

(१) यो कार्यविधि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**१४. बाधा अड्काउ फुकाउनेः**

(१) यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अड्ड्कन आईपरेमा कार्यपालिकाले निर्णय गरि त्यस्तो बाधा अड्ड्कन फुकाउन सक्नेछ।

हिदम लामा
अध्यक्ष

जीवन कुमार
प्रमुख प्रशासकीय अधिकृत

भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

# अनुसूची-१

## (कार्यविधिको दफा ७ को उपदफा (१) संग सम्बन्धित सेवा शुल्क दररेट)

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको पत्र संख्या २०८१/८२,च.नं. १४१७,मिति २०८१/१०/०८ को एम्बुलेन्सको भाडादर सम्बन्धी पत्र अनुसार एम्बुलेन्सको भाडादर तपशिल बमोजिम हुनेछ।

**तपशिल**

| "क" वर्गको एम्बुलेन्स सेवा | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | भु-भाग | प्रति कि.मी. को भाडा दर (Two way) (रुपैंयामा) | | | कैफियत |
| | | पिच सडक | ग्राभेल सडक | कच्ची सडक | "ख" वर्गको भन्दा २५% बढी |
| १ | तराई | ७७.११ | ८४.९३ | १०१.७० | |
| २ | पहाडी | १२५.९२ | १३६.३८ | १५१.४६ | |

| "ख" वर्गको एम्बुलेन्स सेवा | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | भु-भाग | प्रति कि.मी. को भाडा दर (Two way) (रुपैंयामा) | | | कैफियत |
| | | पिच सडक | ग्राभेल सडक | कच्ची सडक | |
| १ | तराई | ६१.६९ | ६७.९४ | ८१.३६ | |
| २ | पहाडी | १००.७४ | १०९.१० | १२१.१७ | |

यस अनुसूचीमा उल्लेखित स्थानहरु बाहेक अन्य स्थानहरुमा जानु परेमा प्रति कि. मी रु १०० (अक्षरुपीः- एक सय रुपैया) लाग्ने छ। अक्सीजन सिलिण्डरको शुल्क प्रति कि.मि. रु १५ (अक्षरुपीः पन्ध्र रुपैया) लाग्ने छ। (जिल्ला रेडक्रसको दररेट अनुसार)

हिदम लामा
अध्यक्ष

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

## अनुसूचि-२

**(कार्यविधिको दफा ६ को उपदफा (१) को (ग) संग सम्बन्धित)**

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. भीमफेदी गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि,२०८२ लाई पूर्णतः पालना गर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने।

३. धुम्रपान,मध्यपान तथा अन्य मादक पदार्थ र सुर्तिजन्य पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने।

४. बिरामी, कुरुवा तथा बिरामी संग सम्बन्धित सामान बाहेक अन्य सरसामान तथा व्यक्ति (यात्रु) हरुलाई ओसारपोसार गर्न नहुने।

५. बिरामीको ओसारपोसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने।

६. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने।

७. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशगत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने।

८. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने।

९. बिरामीलाई बीच बाटोमा छाड्न नहुने।

१०. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई भन्न नहुने तथा कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीहरुको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिन सक्ने।

११. एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापनमा सहयोग गर्नुपर्ने।

१२. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने।

१३. नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसारपसार नगर्ने तथा प्रचलित कानुनको पालना गर्नुपर्ने।

१४. स्वास्थ्य संस्थाबाट प्रेषण गरी अन्यत्र स्वास्थ्य संस्थामा लानु पर्ने बिरामीको हकमा कुन स्वास्थ्य संस्थामा लाने भन्ने यकिन भई सम्बन्धित स्वास्थ्य संस्थमा बिरामीलाई लाने।

हिदम लामा
अध्यक्ष

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-३

## चालकको प्रतिवद्धता

**(कार्यविधिको दफा ६ को उपदफा (१) को (ग) संग सम्बन्धित)**

म........................................................................................(नाम)...............................................................................................................ठेगाना.............................ना.प्र.प.नं. ................................जिल्ला, ड्राइभिङ्ग लासेन्स नं.......................................................................ले माथि उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ...............................जिल्ला...........................संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्णरुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| **चालकको** | **रोहवरमा** |
| **प्रमाणित गर्ने व्यक्ति** | |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः- |
| | संस्थाको छापः |

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

हिदम लामा
अध्यक्ष

CamScanner

**अनुसूचि-४**

**(कार्यविधिको दफा ६ को उपदफा (१) (झ) संग सम्बन्धित)**

**<u>एम्बुलेन्स संचालन लगबुक</u>**

सवारी नं.

सवारी चालकको नामः

| क्र.स. | मिति | ठाउँ | | दुरी (कि.मि.) | | जम्मा दुरी | सेवा शुल्क | इन्धन (डिजेल) | बिरामीको नाम | ठेगाना | बिरामीको प्रकृती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | सुरु | अन्तिम | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

तयार पार्ने :

जीवन कुँवर
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित गर्ने :

हिदम लामा
अध्यक्ष

## अनुसूचि-५

## (कार्यविधिको दफा ११ को उपदफा (२) संग सम्बन्धित)

## एम्बुलेन्समा हुनुपर्ने औषधी, उपकरण र जनशक्तिको विवरण

- All Emergency Equipment

Stethoscope

B.P. Apparatus

Torchlight

Tongue Depressor

- IV Drips
- Cannulas and syringes
- ECG Monitiour with Oxygen Monitor
- Intubation Set
- Various Intubation tube and laryngeal tubes
- Ambo Bag
- Nebulizer set
- Manual Suction Set
- Cervical Collars
- Oxygen Supply
- OB Kit
- Splints
- Catheterizations Set

Other.

- Washing Equipment
- Wheel Chair and Trolley
- Radio Communication
- Table with 4 G Connectivity

Staff

- Ambulance Driver With First Aid Trainings
- EMT

हिदम लामा
अध्यक्ष